# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

---

## कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८१/०७/२७)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०७/२५ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८१/०७/२५ गतेको कार्यपालिका बैठकमा पेश हुने प्रस्तावहरू।**

१. नि-शूल्क जग्गा प्राप्ती सम्बन्धमा।
२. विपदको राहत वितरण सम्बन्धमा,
३. राष्ट्रपति रनिङ शील्ड सम्बन्धमा,
४. विविध,

**निर्णयहरू**

**१.** प्रस्ताव नं.१ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं.४ मुदी बस्ने वल बहादुर घर्तिको छोरा वर्ष ६३ को रेशम बहादुर घर्तिको नाममा रहेको कित्ता नं. ६८ क्षेत्रफल १/क ६-४-२-२ (पुर्वतर्फ कि.न. ८५, पश्चिमतर्फ कि.न. ६७, उत्तरतर्फ कि.न. ५३ र दक्षिणतर्फ कि.नं.२०) रहेको जग्गाबाट दक्षिणपुर्व तर्फ ०-३-०-० क्षेत्रफलको जग्गा गाउँपालिकालाई नि-शूल्क प्रदान गर्ने भनि मञ्जुरीनमा सहित सिफारिसपत्र प्राप्त भएकोमा नापी कार्यालय सहितको प्राविधिक टोलिद्वारा अनुगमन गर्दा उक्त जग्गा भवन निर्माणको लागि उपयुक्त देखीएको हुँदा जग्गा प्रदान गर्नुहुने निज रेशम घर्तिलाई धन्यवाद व्यक्त गर्दै सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ५ बमोजिमको प्रकृया पुरा गरी जग्गा प्राप्ति गर्नका लागि मालपोत कार्यालय बेनिसँग समन्वय गरी यथाशीघ्र कार्यप्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**२.** प्रस्ताव नं. २ माथी छलफल गर्दा विपद सम्बन्धमा राहत वितरण गर्ने प्रयोजनार्थ विपद् कोषबाट रकम भुक्तानी हुने गरी निम्नानुसार निर्णय गरियो।

**क.** वडा नं. ७ मा चट्याङ लागेर भैंसी मरेको हुँदा पशूधनी पृथवहादुर कामि लाइ रू १० हजार।

**ख.** वडा नं. १ गुर्जामा पहिरोले घर बगाएको हुँदा घरधनी हिरादेवी सुनार वा निजको परिवारलाई रू २५ हजार।

**ग.** वडा नं. २ दरखोलाले गाईगोरू बगाएकोमा पशूधनी पलु पुनलाई प्रति गाईगोरू रू ५ हजार।

**घ.** वडा नं. ७ मच्छिममा पहिरोले घर पुर्ण क्षती भएकोमा फर्स बहादुर दमाई लाई रू २५ हजार।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सञ्चालनका लागि देहाय बमोजिम हुने गरी निर्णय गरियो।

**क.** खेल मिति २०८१ मंसिर १-३ सम्म ताकम मा.वि ताकम मा सञ्चालन गर्ने,
**ख.** पुरस्कार अन्तर्गतः प्रथम ६० हजार, द्वितीय ४० हजार, तृतीय ३० हजार साथै उत्कृष्ट मार्चपासलाई १० हजार प्रदान गर्ने,
**ग.** सहभागी विद्यालयलाई व्यवस्थापन र यातायात खर्च वापत विद्यार्थी संख्या र दुरिका आधारमा ३०-५० हजार प्रदान गर्ने।
**घ.** आयोजक विद्यालयलाई कार्यक्रम व्यवस्थापन खर्च वापत रू ३० हजार प्रदान गर्ने,
**ङ.** आयोजक विद्यालयलाई स्वयंसेवक परिचालनको लागि रू ३० हजार प्रदान गर्ने,
**च.** स्वर्ण पदक विजेता खेलाडीलाई प्रोत्साहन बापत रू १ हजार प्रदान गर्ने।

४. विविध अन्तर्गत देहाय बमोजिम हुने गरी निर्णय गरियो।
**क.** विपद व्यवस्थापन तथा राहत वितरण सम्बन्धी कार्यविधीमाथी वृतद् छलफल गरि संशोधनसहित पारित गर्ने।

**ख.** विद्यालयहरूमा कार्यगत सिमितता पहिचान सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

**ग.** प्रदेश विशेष अनुदान अन्तर्गत मुदी ढल निकास योजनामा रू. ४० लाख विनियोजन भएको हुँदा उक्त योजनाको लागत अनुमान रू ४० लाख स्वीकृत गरि ठेक्का आव्हानको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**घ.** यस गाउँपालिका अन्तर्गत मिति २०७६/०९/२४ मा स्थायी नियुक्ती भई २०७९/०१/०१ देखि सोरू गाउँपालिका मुगुमा काज सरुवा भई जानुभएका मन्केश बुढा (सहायक चौंथो तह) को निवेदन उपर छलफल गर्दा कर्णाली प्रदेशको " स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन" २०८१ को दफा १३६ (२) बमोजिम सरुवा भई जानका लागि सहमती प्रदान गर्ने।

ङ. शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१/८२ र संघीय शसर्त अनुदानमार्फत प्राप्त बजेटको अधिनमा रही यस गाउँपालिका भित्रका सामुदायिक माध्यामिक विद्यालयहरूमा माध्यामिक तहको शून्य दरबन्दी भएका विद्यालयलाई ३, एकवटा दरबन्दी भएका विद्यालयलाई २ र दुई दरबन्दी भएका विद्यालयलाई १ वटा शिक्षक, शिक्षण सहायता अनुदानमार्फत तपसिल बमोजिमका विद्यालयलाई वितरण गर्ने। साथै गाउँपालिका अनुदान अन्तर्गतका दरबन्दी, शिक्षण सहायता अनुदानसँग दोहोरो पर्न गएमा विद्यालयले निर्णयद्वारा विषय परिवर्तन गरि शिक्षक नियुक्ति गर्न अनुमति प्रदान गर्ने।

तपसिल

१. जनकल्याण मा.वि. गुर्जा,

२. लमसुङ मा. वि. लमसुङ,

३. धवलागिरी मा.वि मुना,

४. धनजनता मा. वि फलियागाउँ,

५. वुद्धिविकास मा.वि मुदी,

६. चन्द्रज्योति मा.वि खिवाङ,

७. ताकम मा.वि ताकम,

**च**. गाउँपालिकाको वडा नं. ४ अन्तर्गत मुदी र नाउरा क्षेत्रमा श्रावण, भाद्र र असोज महिनामा वर्षाको कारण बाटो अवरूद्ध भएको हुँदा अत्यावश्यक बाटो निर्माण/मर्मत तथा सरसफाई गरेबापत वडा समितिको निर्णय, वडास्तरीय अनुगमन समितिको प्रतिवेदन, प्राविधिक लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन एवं डोर हाजिरीका आधारमा मोटबाटो सरसफाई खर्च शीर्षकबाट भुक्तानी दिने ।

**छ**. जनप्रतिनिधीहरूलाई समान रूपले मर्यादित पोशाकमा गाउँसभा तथा गाउँकार्यपालिका बैठकमा उपस्थित हुन निर्देशन सहित एकरूपताका लागि गाउँपालिका र जनप्रतिनिधीले संयुक्त दायित्व वहन गर्ने साथै पालिकाको दायित्व सभा सञ्चालन खर्च शीर्षकबाट वहन गर्नेगरी आवश्यक व्यवस्था मिलाउने।

**ज**. वडा नं.४ अन्तर्गत प्रविष्टि भएको महाविर पुन वायरलेस वाईफाई जडान कार्यक्रम अन्तर्गत बजेट विनियोजन भएकोमा सम्बन्धित खर्च शीर्षकबमोजिम उक्त कार्य गर्दा बिनियोजित बजेट भन्दा बढी खर्च हुने र मितव्ययी नहुने देखि थप आवश्यक बजेट आगामी गाउँसभाबाट व्यवस्थापन हुने गरी मितव्ययीतालाई मध्यनजर गर्दै नेपाल टेलिकम को वायरलेस वाईफाई जडान गर्न निर्देशन दिने।